# सूचना

नेपालको अनुसन्धान क्षेत्रको छाता नीतिको रुपमा रहने गरी "राष्ट्रिय अनुसन्धान नीति, २०७७" तर्जुमा गर्ने वार्षिक कार्यक्रम रहेकोले सो नीतिको मस्यौदा तयार गर्ने प्रयोजनको लागि सम्बन्धित सबै प्राज्ञिक तथा अनुसन्धानमूलक संघ-संस्था, सरकारी निकाय, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, विकास साझेदार, विषयविज्ञ, बुद्धिजिवीहरु एवं सरोकार राख्ने सबै नागरिकहरुलाई निम्न विषयक्षेत्रहरुमा आफ्ना राय, सुझाव, सल्लाह वा टिप्पणीहरु उपलब्ध गराइदिनु हुन राष्ट्रिय योजना आयोग हार्दिक अनुरोध गर्दछ :-

१. अनुसन्धानको विश्व परिवेश
२. अनुसन्धानको राष्ट्रिय परिवेश
३. अनुसन्धान क्षेत्रका समस्या तथा चुनौतीहरु
४. अनुसन्धान क्षेत्रका अवसरहरु
५. राष्ट्रिय अनुसन्धान नीतिको आवश्यकता र औचित्य
६. अनुसन्धान नीतिका प्रमुख सिद्धान्त तथा आधारहरु
७. नीतिगत प्राथमिकताका मुख्य क्षेत्रहरु
८. अनुसन्धान नीतिको दीर्घकालीन सोच
९. अनुसन्धान नीतिको लक्ष्य
१०. अनुसन्धान नीतिको उद्देश्य
११. रणनीतिहरु र ती रणनीतिहरु हासिल गर्ने कार्यनीतिहरु
१२. अनुसन्धानमा समावेशीकरण र युवा अनुसन्धानकर्ताको प्रोत्साहन, सहुलियत तथा छुट
१३. अनुसन्धानमा सुशासन र समन्वय
१४. अनुसन्धान सहायता, अनुसन्धान वृत्ति, छात्रवृत्ति र पुरस्कार
१५. अनुसन्धानमा साझेदारी र वैदेशिक सहायता
१६. अनुसन्धान पूर्वाधार, प्रविधि, प्रयोगशाला र संस्थागत व्यवस्था
१७. संघ, प्रदेश र स्थानीय तहको भूमिका
१८. नीति कार्यान्वयन व्यवस्था
१९. अनुसन्धान परीक्षण, अनुगमन तथा मूल्यांकन र
२०. अनुसन्धान नीतिले सम्बोधन गर्नुपर्ने अन्य विषयहरु।

<u>सुझावहरु देहायको ठेगानामा पठाउन सकिनेछ:-</u>

अनुसन्धान, अन्वेषण तथा तहगत समन्वय महाशाखा, राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं।
**फ्याक्स: ४२११७००, E-mail: researchpolicy@npc.gov.np**